# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, मंसीर ६ गते २०४५ साल (संख्या ३१

## भाग ३

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको सूचना

#### शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण (तेह्रौं संशोधन) नियमहरू, २०४५

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण (तेह्रौं संशोधन) नियमहरू, २०४५" रहेको छ ।

(२) यी नियमहरू २०४५ साल पौष १४ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १९ मा संशोधनः शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १६ को उप-नियम (१) को खण्ड (ज) मा रहेका "अनरेरी सह सेनानी । अनरेरी उप-सेनानी" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,
मुकुन्दशम्सेर थापा
श्री ५ को सरकारको सचिव

276

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।